३. दफा ६ मा गठित भएको समितिलाई देहाएबमोजिम गठन र कार्य संचालन गर्ने गरी संशोधन गरेको छः–

(१) अंचलाधीश वा सहायक अंचलाधीश नभएको ठाउँमा प्रमुख जिल्ला अधिकारी अध्यक्ष भइसंचालन गर्ने,

(२) समितिको सचिव वनको जिल्लास्तरीय अधिकारीलाई राखिएकोमा मालको हाकिम गर्ने,

(३) सर्भेको जिल्लास्तरीय अधिकारीलाई सदस्य राखिएकोमा सर्भे कार्यालय जिल्लामा रहने स्थायी कार्यालय नभइकाम सकिएपछि नरहने कार्यालय भएकोले र हालसबै जिल्लामा पनि नहुंदा सर्भेको अधिकारीलाई सदस्यताबाट झिक्ने,

(४) उल्लिखित पदाधिकारीहरू सबै जिल्लामा नरहने हुंदा त्यस्ता जिल्लामा अंचलाधीश सहायक अंचलाधीश वा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मालको हाकिमलाई सदस्य सचिव गरी समिति गठन गरी कार्य गर्न पाउने ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

प्रकाशित सूचना बमोजिम खण्ड, १७ संख्या ३१, मिति ०२४।८।१ को नेपाल राजपत्र भाग ३ मा सप्तरी जिल्लामा २०२४ सालमा नापजाँच हुने भएकोमा श्री ५ को सरकारको मिति २०२४।१२।१५ को निर्णयानुसार सो जिल्लामा सो सालमा नापजाँच नहुने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८